# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०८**

लोकसेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस कम्पनी र कम्पनी अन्तर्गतका कार्यालयहरूमा रिक्त रहेका निम्न पदहरूमा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने वढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यस कम्पनी र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्ये कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) २०७९" को दफा ३८ (१) र (२) बमोजिम योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरूले तोकिए बमोजिमको फाराम भरी नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको प्रधान कार्यालय बालुवाटार, काठमाण्डौमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र रितपूर्वक दरखास्त फाराम बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| बढुवा सूचना नं. | पद | तह | सेवा | समूह | पदसंख्या | दरखास्त दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १०१/२०७९/८० | प्रबन्धक | १० | प्रशासन | प्रशासन | २ | १५०० |
| १०२/२०७९/८० | सहप्रबन्धक | ९ | प्रशासन | प्रशासन | २ | १५०० |
| १०३/२०७९/८० | सहप्रबन्धक | ९ | प्रशासन | लेखा | १ | १५०० |
| १०४/२०७९/८० | उप प्रबन्धक | ८ | प्रशासन | लेखा | १ | १५०० |
| १०५/२०७९/८० | सहायक प्रबन्धक | ७ | प्रशासन | प्रशासन | ३ | १२०० |
| १०६/२०७९/८० | सहायक प्रबन्धक | ७ | प्रशासन | लेखा | २ | १२०० |
| १०७/२०७९/८० | शाखा अधिकृत | ६ | प्रशासन | प्रशासन | १ | १२०० |
| १०८/२०७९/८० | शाखा अधिकृत | ६ | प्रशासन | लेखा | १ | १२०० |

**द्रष्टव्य**

१. कम्पनीको नाममा कृषि विकास बैंक लि., मैतिदेवी शाखामा रहेको बैंक खाता नं. ०२-११३-०१००१९८७-०१-८ मा दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर दरखास्त फारामसँगै पेश गर्नुपर्ने छ ।

२. दरखास्त फाराम कम्पनीको वेभ साइटबाट डाउनलोड गरी आवश्यक विवरण भरी यस कम्पनीको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौमा बुझाउनु पर्नेछ । दरखास्त फाराममा कर्मचारी संकेत नम्बर, बढुवा सूचना नम्बर, सेवा, समूह, पद, तह र उम्मेदवारको नाम, थर लेखि स्वयंद्वारा प्रमाणित गरी तोकिएका प्रमाणपत्रहरूका प्रतिलिपीहरू नत्थी गरी बुझाउनु पर्नेछ ।

३. यस सूचनामा उल्लेख नभएका विषयहरूको हकमा कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (संशोधन सहित)" र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

**(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)**

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०८**

लोकसेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस कम्पनी र अन्तर्गतका कार्यालयहरूमा रिक्त रहेका निम्न पदहरूमा आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले अनलाइन दरखास्त आह्वान गरिन्छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरूले कम्पनीको अनलाइन दरखास्त प्रणाली vacancy.nepaltransit.com मार्फत आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेको अनलाइन भुक्तानी प्रणालीमार्फत सम्बन्धित पदका लागि तोकिए बमोजिमको दरखास्त दस्तुर भुक्तानी गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र पेश गर्नुपर्ने छ । रित नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग संख्या | खुला तथा समावेशी | आ.प्र. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| ०१/२०७९/८० | शाखा अधिकृत | ६ | प्रशासन | लेखा | १ | - | १ | कम्पनीको कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) बमोजिम योग्यता पुगेको । |
| ०२/२०७९/८० | शाखा अधिकृत | ६ | प्रशासन | लेखा | १ | मधेशी-१ | - | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा स्नातक तह वा अर्थशास्त्र र गणितमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ०३/२०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ४ | खुला-२<br>महिला-१<br>अपाङ्ग-१ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट उच्च माध्यमिक तह वा सो सरह उत्तीर्ण । |
| ०४/२०७९/८० | वरिष्ठ सहायक | ५ | प्रशासन | लेखा | २ | खुला-१<br>दलित-१ | - | मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, गणित, लेखा मध्येबाट कुनै एक विषय लिई उच्च माध्यमिक तह वा वाणिज्यशास्त्र, अर्थशास्त्र, गणित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ०५/२०७९/८० | कम्प्युटर सहायक | ५ | प्राविधिक | प्राविधिक | ३ | खुला-१<br>महिला-१<br>आ.ज.-१ | - | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा उच्च माध्यमिक तह उत्तीर्ण गरेको वा उच्च माध्यमिक तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको । |

**द्रष्टव्यः**

१. **परीक्षाको किसिम** : परीक्षाको किसिम तथा अङ्कभार पाठ्यक्रममा उल्लेख भएबमोजिम हुनेछ ।

२. **परीक्षा केन्द्र** : काठमाण्डौ उपत्यकामा रहनेछ । सबै पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम लोकसेवा आयोगबाट समय निर्धारण भए पश्चात प्रकाशन गरिनेछ ।

३. **दरखास्त दस्तुर** : शाखा अधिकृतको लागि रू.१२००/- (एक हजार दुई सय) र सो पदमा प्रत्येक समावेशी समूहका लागि रू.४००/- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ । सहायकस्तरको पदको लागि रू. ७००/- (सात सय) बुझाउनु पर्नेछ र सो पदमा प्रत्येक समावेशी समूहका लागि रू. ३००/- (तीन सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

४. **अनलाइन दरखास्त पेश गर्ने अन्तिम मिति** : २०७९/०९/२८ सम्म । दोब्बर दस्तुर तिरि २०७९/१०/०५ सम्म । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा नोकरी अवधि प्रयोजनका लागि गणना गरिने छैन ।

५. **उम्मेदवारको उमेरको हद** : अधिकृतस्तर (छैठौ तह) खुलाको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । अपाङ्ग तथा महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ । वरिष्ठ सहायक (पाँचौ तह) को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, अपाङ्ग तथा महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।कम्पनीका वहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

६. **पदमा रही गर्नुपर्ने कामको विवरण** : कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) २०७९" र सम्बन्धित सेवा समूहमा तोके बमोजिम हुनेछ ।

७. **तलबभत्ता तथा अन्य सुविधा** : कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) २०७९" बमोजिम हुनेछ ।

८. समावेशीतर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशी समूह खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

९. उपयुक्त अनुसार निर्धारित म्यादभित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक प्राप्त नभएको दरखास्त स्वीकृत गरिने छैन ।

१०. सबै चरणको परीक्षा पश्चात सिफारिसको लागि सफल भएका उम्मेदवारको योग्यताक्रम अनुसार माग भएका पदसंख्यामा नियुक्तिका लागि सिफारिश गरिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका विषयहरूको हकमा कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (संशोधन सहित)" र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. पदपूर्ति सम्बन्धी सूचना र पाठ्यक्रम कम्पनीको वेवसाइट www.nepaltransit.com बाट डाउनलोड गर्न सकिनेछ । साथै थप जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौको फोन नं. ०१-४४३८२४७ मा सम्पर्क गर्न सकिनेछ ।